# <u>किरात देवास राई उत्थान समाजको</u>
# विधान -२०६१

**<u>प्रस्तावना :-</u>**

नेपालमा बहुधार्मिक, बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक देश हो । नेपालको ऐतिहासिक कालदेखि नै छरिएर रहेका विभिन्न आदिवसी जनजातिहरु मध्ये गौरवमय इतिहास बक्ने किरात देवास राई जातको विविन्न थर उपथाथाईहरुमा आफ्नै मौलिक भाषा, संस्कृति र रीतिरिवाज भएको जाति मध्ये किरात देवास राई पनि एक हो । यस जाति विशेष गरी नेपालको मध्ये क्षेत्रमा वाहुल्यता रहेको यस किरात देवास राई जातिको भाषा, कला,संस्कृतिको संरक्षण, अध्ययन, अनुशन्धान, समग्र जातीय उत्थान तथा विकास, एक आपसमा समझदारी र सद्भाव राखी किरात देवास राई उत्थान समाज आवद्ध गर्नको लागि एक अविछिन्न उत्तराधिकारीवाला समाज आवश्यक परेको हुँदा यो विधान जारी गरिएको छ ।

**परिच्छेद : - १**

**<u>प्रारम्भ : -</u>**

**<u>दफा : १) संस्थाको नाम र प्रारम्भ</u>**

क) यो संस्थाको नाम "किरात देवास राई उत्थान समाज र छोटकरीमा "किदेउस" तथा अंग्रेजीमा "KIRAT DEWAS RAI UTTHAN SAMAJ" र छोटकरीमा "KDRUS" हुनेछ । यो विधानको नाम किरात देवास राई उत्थान समाज २०६१ रहनेछ ।

ख) यो संस्थाको ठेगाना : - किरात देवास राई उत्थान समाज नेपाल
पो.ब.नं. ८९७८, सी पी सी ५९, अनामनगर, काठमान्डौ, नेपाल ।

ग) यो संस्थाको कार्यालय :- केन्द्रिय कार्यालय काठमाण्डौमा र प्रचलित कानुनको अधिनमा रही स्थानीय कार्य समितिको कार्यालय कार्य क्षेत्र अनुकुल सम्बन्धित स्थानीय अधिकारीको स्वीकृति लिई जुनसुकै ठाउमा राख्न सकिने छ ।

घ) यो विधान संस्था दर्ता भएको मिति देखि लागु हुनेछ ।

**दफा - २) परिभाषा : -**

विषयव प्रसंकाले अर्को अर्थ नलागेमा यो विधानमा -

क) "किरात देवास राई" भन्नाले नेपालको विशेष गरी मध्ये क्षेत्रमा बसोबास गरी आएका र आफ्नो जातीय परम्परा, संस्कार र संस्कृति पालना गरी आएका भुमीपुजकहरुलाई बुझाउछ ।

ख) "उत्थान" भन्नाले यस देवास राई जातको विभिन्न भाषा, कला, संस्कृति र लोपान्मुख भएका कुराहरुलाई उठान गर्ने जनाउछ ।

ग) "समाज" भन्नाले किरात देवास राईको संगठित समूह भन्ने बुझाउछ ।

घ) "विधान" भन्नाले किरात देवास राई उत्थान समाजको विधान, २०६१ लाई जनाउछ ।

ङ) "कार्य समिति" भन्नाले किरात देवास राई उत्थान समाजको स्थानीय र केन्द्रिय कार्य समितिलाई जनाउछ ।

च) "निर्वाचन" भन्नाले यस विधान अन्तर्गत गठन हुने विभिन्न कार्य समितिको निर्वाचनलाई जनाउछ ।

छ) "सदस्य" भन्नाले यस विधान अन्तर्गतसदस्यता प्राप्त व्यक्तिलाई जनाउछ ।

ज) "नियम/विनियम" भन्नाले यस विधान अन्तर्गत बनेका नियम/विनियालाई जनाउछ ।

झ) "साधारण सभा" भन्नाले नेपालको मध्ये क्षेत्रको विभिन्न जिल्लाबाट आएका देवास राइहरुको सभालाई जनाउछ ।

ञ) "संयोजक" भन्नाले यस विधान अन्तर्गत गठन गरिने विभागको प्रमुखलाई जनाउछ ।

ट) "सभा" भन्नाले यस विधान अन्तर्गत साधारण तथा स्थानीय सभालाई जनाउछ ।

ठ) "विभाग" भन्नाले यस विभाग अन्तर्गत गठन गरिने विभागहरुलाई जनाउछ ।

ड) "अधिकार प्रत्यायोजित व्यक्ति" भन्नाले स्थानीय र केन्द्रिय कार्य समितिहरुको कुनै कामको लागि अधिकार दिई खटाइएको व्याक्ति वा प्रतिनिधिलाई जनाउछ ।

ढ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउछ ।

ण) "ऐन" भन्नाले संस्था दर्ता ऐन, २०३४ लाई जनाउछ ।

**दफा : - ३) छाप र झण्डा**

किरात देवास राइको छाप अनुसूची -१ मा उल्लेख भएबमोजिम लोगो अंकित भएको हुनेछ र अनुसूची -२ मा उल्लेख भएबमोजिम झण्डा हुनेछ । साथै अनुसूची - ३ बमोजिम शपथ ग्रहणको नमुना हुनेछ ।

## परिच्छेद : २

## <u>उदेश्य : -</u>

**दफा : - ४) उदेश्य : -**

१) किरात देवास राई उत्थान समाजको उदेश्यहरु, उदेश्य संग सम्बन्धित सरकारी निकेको अनुमति वा इजाजत लिएर मात्र कार्यन्वयन गर्ने गरी हुनेछ : -

क) यो संस्था मुनाफा रहित जनहितकारी संस्था हुनेछ ।

ख) किरात देवास राईहरु विच आपसी एकता कायम गर्ने ।

ग) किरात देवास राईहरुलाई सम्मुनत, समृद्धि र गतिशील बनाउन संस्था सदा प्रयत्नशील रहने ।

घ) किरात देवास राईको धर्म, भाषा. कला, संस्कृति र इतिहासको खोज अनुसन्धान तथा ऐतिहासिक संस्थाको संरक्षण, सम्बर्धन गर्ने र काम गर्नेलाई सहयोग पुर्याउने ।

ङ) परम्परा देखि चली आएको भाषा, परम्परागत संस्कार तथा संस्कृतिलाई निरन्तरता दिंदै त्यसको संरक्षण र सम्बर्धनको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था तथा विकास गर्ने ।

च) किरात देवास राईहरुमा चेतना मुलक, सिपमुलक तथा सैक्षिक जागरण व्यापक जनचेतना कार्यक्रम संचालन गर्ने ।

छ) किरात देवास राईहरुको राष्ट्रिय रुपमा पहिचान गराउने ।

ज) समाजमा आइपरेको कुनै पनि आपत-विपतको बेलामा यस संस्थाले आवश्यक सहयोग गर्ने ।

झ) किरात संग सम्बन्धित संघ/संस्था लगायत यस्तै अन्य समानान्तर संघ/संस्था संग सुमधुर सम्बन्ध कायम गर्ने ।

ञ) किरात राईहरुको संस्ताहरु संग समझदारी अभिवृद्धि गर्दै आपसी हितका लागि सहकार्य गर्दै जाने ।

ट) यस संस्थाबाट कुनै पनि जात, जाति, भाषा, भाषी वा धर्म, समुदाय विचको सुमधुर सम्बन्धमा आंच आउने कुनै प्रकारको गतिविधि गर्ने र धर्म परिवर्तन गराइने कार्य गरिने छैन ।

२) संस्थाको उदेश्य प्राप्त गर्न गरिने कामहरु : -

क) संस्थाले प्रचलित नेपालको कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उदेश्य कार्यान्वयन गर्नेछ ।

ख) संस्थलाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवा शर्तहरु निर्धारण गर्नेछ ।

ग) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचान गर्नेछ ।

घ) संस्थालाई आवश्यक पर्ने भवन निर्माण वा घर भाडामा लिइने छ । साथै कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय समान खरिद गरिनेछ ।

## परिच्छेद : -३

## <u>सदस्यता वितरण</u>

**दफा : - ५) सदस्यताको योग्यता : -**

क) किरात देवास राईको विधान स्वीकार गर्ने १६ वर्ष उमेर पुगेका देवास राईहरुले र नेपाली नागरिक जो सुकैले पनि प्राप्त गर्न सक्ने छ ।

**दफा : - ६) सदस्यताको प्रकार, शुल्क र प्रदान गर्ने विधि : -**

१) किदेराउस बाट निम्न बमोजिम सदस्यता उप्लसब्ध गराइनेछ ।

क) साधारण सदस्यता,

ख) आजीवन सदस्यता,

ग) विशिष्ट संरक्षक सदस्यता,

घ) मानार्थ सदस्यता,

२) सदस्यता शुल्क : - प्रदान गर्ने विधि :-

क) साधारण सदस्यता शुल्क रु. -१०/-

ख) आजीवन सदस्यता शुल्क एकमुष्ट रु.-१०००/-(जि.र प्रा.का.स.बाट पनि प्रदान गरिने छ ।)

ग) विशिष्ट संरक्षक सदस्यता शुल्क एकमुष्ठ रु.-१५००/-(के.का.स.बाट मात्र प्रदान गरिने छ ।)

घ) मानार्थ सदस्यता :- किदेराउसको कुनै पनि विध वा क्षेत्रमा महत्वपूर्ण योगदान दिने स्वदेशी तथा विदेशी जुनसुकै समाज सेवी वा वुद्धिजीवीलाई मानार्थ सदस्यता प्रदान गरिनेछ ।

**दफा :- ७) सदस्यता योग्यता : -**

देहाय बमोजिमका व्यक्ति किदेराउसको सदस्यताको लागि योग्य हुने छैनन् :-

क) १६ वर्ष नपुगेको व्यक्ति ।

ख) मानसिक सन्तुलन विग्रेको व्यक्ति ।

ग) किदेराउसको परम्परा, संस्कृतिमा घृणा, द्वेष फैलाउने व्यक्ति ।

घ) विधान स्वीकार नगर्ने व्यक्ति ।

ङ) फौदारी अभियोगमा सजाय पाएको व्यक्ति ।

**दफा :- ८) सदस्यताको समाप्ति :-**

देहेको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यता वहाल रहने छैन :-

क) मृत्यु भएमा ।

ख) मानसिक सन्तुलन विग्रिएमा ।

ग) साधारण सदस्यता नविकरण नगरेमा ।

घ) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

ङ) समितिले तोके बमोजिम रकम नबुझाएमा ।

च) समितिको विधान विरुद्ध कार्य गरेमा वा अविश्वासको प्रस्ताव पारित भएमा ।

छ) किदेराउसको रकम हिनामिना गरेमा ।

ज) मनासिव माफिकको कारण विना कारण समितिको बैठकमा लगातार ३ पटक अनुपस्थित रहेमा ।

झ) साधारण सभाबाट ७५% को बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा ।

ञ) संस्थाको काम कार्वाहीमा वेइमानी गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

## परिच्छेद :- ४

## साधारण सभा तथा बैठक सम्बन्धि व्यवस्था : -

**दफा :- ९) संस्थाको सभा बोलाउने तरिका र सभाको लागि दिनुपर्ने सुचना सम्बन्धित कुराहरु :-**

१) यस संस्थाको साधारण सभा देहाए बमोजिम हुनेछ :-

क) वार्षिक साधारण सभा र

ख) विशेष साधारण सभा

२) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको मितिले २ महिना भित्रमा गरिनेछ । त्यसपछिको वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २ महिना भित्र गरिनेछ । तर विशेष साधारण सभा केन्द्रिय समितिले आवश्यक ठानेमा विशेष साधारण सभा बोलाइनेछ ।

३) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा ३० दिन अगावै र विशेष साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल हगर्ने विषय खोलि सबै साधारण सदस्यलाई सूचना दिइनेछ ।

४) उपनियम ३ बमोजिम बोलाइएको साधारण सभामा दफा १४ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा १५/१५ दिनको म्याद दिई पुन: साधारण सभा बोलाइनेछ । बैठक साधारणतया काठमाण्डौ भित्र बस्नेछ ।

५) साधारण सभाको अध्यक्षता केन्द्रिय कार्य समितिको अध्यक्षले गर्नेछ ।

६) साधारण सभाको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

७) यस संस्ताको विधान अनुसार सदस्यता प्राप्त गर्न मानार्थ सदस्यताहरु बाहेक अन्य सदस्यहरु संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछ । साधारण सह यस संस्थाको सर्वोच्च अंग हुनेछ ।

**दफा :- १०) साधारण सभाको काम, कर्तव्य र अधिकार :-**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछ :-

क) कार्य समितिले पेश गरेको योजना कार्यक्रम र वार्षिक बजेट पारित गर्ने ।

ख) लेखापरीक्षकबाट प्राप्त वार्षिक लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने ।

ग) संस्यहको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मुल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

घ) गत वर्षको लक्ष्य तथा प्रगतिको समिक्षा गरी कार्य समितिलाई निर्देशन दिने ।

ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा विधान बमोजिमको प्रक्रिया अन्तर्गत निर्वाचन गर्ने ।

च) कार्य समिति द्वारा पेश पेशका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका काम कारवाहीको औचित्य हेरी अनुमोदन गर्ने ।

झ) संस्थाको आफ्नै आन्तरिक स्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक, भत्ता तथा सुविधाहरुमा आवश्यक अनुरुप स्वीकृत प्रदान गर्ने ।

**दफा :- ११) कार्य समितिको गठन :-**

१) कार्य समितिको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्मको लागि निम्न बमोजिम अध्यक्ष सहित ११ जना सदस्य रहेको तदर्थ कार्य समिति रहनेछ ।

- अध्यक्ष : श्री आशामान राई
- उपाध्यक्ष : श्री इन्द्रबहादुर राई
- महासचिव : श्री गाइने राई
- सचिव : श्री राजमान राई
- कोषाध्यक्ष : श्री सन्तलाल राई
- सदस्य : श्री श्रीमती सुवानी राई
- सदस्य : श्री भजन राई
- सदस्य : श्री फौदार राई
- सदस्य : श्री गुनबहादुर राई
- सदस्य : श्री ज्ञानबहादुर राई
- सदस्य : श्री छत्रबहादुर राई

२) संस्थाले स्थानीय तहमा स्थानीय कार्य समिति र केन्द्रिय तहमा केन्द्रिय कार्य समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) स्थानीय कार्य समिति :

ख) केन्द्रिय कार्य समिति :

क) <u>स्थानीय कार्य समिति :-</u>

विशेष साधारण सभाबाट आवश्यकता अनुसार प्रत्येक ३ वर्षको लागि स्थानीय तहमा बढीमा ९ वा ११ सदस्यीय स्थानीय कार्य समिति गठन गरिनेछ । विशेष परिस्थिति आइपरेमा स्थानीय कार्य समितिको विशेष साधारण सभाले बढीमा १ वर्ष सम्मको लागि पदावधि थप गर्न सक्नेछ ।

ख) केन्द्रिय कार्य समिति :-

साधारण सभाद्वारा प्रत्येक ३ वर्षको लागि बढीमा १७ वा २१ सदस्यीय केन्द्रिय कार्य समितिको निर्वाचन वा मनोनयनद्वारा गठन गरिनेछ । तर विशेष परिस्थिति आइपरेमा केन्द्रिय कार्य समितिको हकमा त्यस्तो परिस्थिमा बढीमा २ वर्ष सम्मको लागि पदावधि थप गर्न सक्नेछ ।

३) स्तनिय कार्य समितिको बैठक सामान्यतया ओरात्येक महिनामा कार्य समितिले तोकेको समयमा र स्थानमा बस्नेछ । केन्द्रिय कार्य समितिको बैठक प्रत्येक महिनामा बस्नेछ । तर आवश्यक भएमा आकस्मिक बैठकहरु पनि कार्य समितिले तोकेको समयमा र स्थानमा बस्नेछ ।

४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन् आएमा बाँकि अवधिका लागि कार्य समितिको सदस्यको नियुक्ति कार्य समितिद्वारा गर्न

सकिने छ । कुनै सदस्यको पद विचमा रिक्त भएमा सो पदमा नियुक्ति भएको सदस्यको कार्यकाल जुन सदस्य पदको रिक्त भई नियुक्ति भएको हो सो सदस्यको बाँकि कार्यकाल सम्मका लागि मात्र हुनेछ ।

५) कार्य समितिको बैठक अवाश्याकता अनुसार कार्य समितिको अध्यक्षको निर्देशनमा महासचिव/सचिवले बोलाउनेछ ।

६) कार्य समितिको बैठकमा सदस्य स्वयम् उपस्थित हुनु पर्नेछ ।

७) सदस्यको जम्मा संख्याको कम्तिमा ५१% सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुनेछैन ।

८) कार्य समितिको बैठाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकमा उपषित सदस्यहरुले छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

९) कार्य समितिको बैठकमा वहुमतको निर्णय मान्ने हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

१०) कार्य समितिको बैठकमा छलफल भएको विषय र निर्णयको विवरण लेखिराखुपर्नेछ ।

११) संस्थाले गर्न भइएको सम्पूर्ण कार्य कार्य समितिको निर्णयबाट हुनेछ ।

१२) बैठक शिष्ट, मर्यादित तथा अनुशासित तरिकाले संचालन गर्न बैठकको अध्यक्षता गर्ने व्यक्तिले आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन पालना गर्नु सबै पदाधिकारीहरुको कर्तव्य हुनेछ । अन्यथा अध्यक्षले निलम्बन समेत गर्न सक्नेछ ।

**दफा :- १२) कार्य समितिको काम, कर्तव्य र अधिकार :-**

कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

१) <u>स्थानीय कार्य समिति :-</u>

क) कार्यालय संचालन गर्ने ।

ख) साधारण सभाबाट पारित प्रस्ताव र निर्णयहरु कार्यान्वयन गर्ने ।

ग) साधारण सदस्यता वितरण गर्ने र नविकरण गर्ने ।

घ) कार्य समितिको बैठक बोलाउने ।

ङ) देवास राईको संस्कार र संस्कृति संरक्षण गर्ने ।

च) देवास राईको उदेश्य पुरा गर्न विभिन्न किसिमका कार्यक्रम आयोजना गर्ने ।

छ) समितिले गरेका कार्य प्रगति र आर्थिक प्रतिवेदन नियमित रुपमा केन्द्रमा पठाउने । \

ज) जुनसुकै पदाधिकारी निरन्तर ३ पटक बैठकमा अनुपस्तित भए स्वत: पदबाट हटाउने, राजिनामा स्वीकृत गर्ने र रिक्त स्थान परिपूर्ति गर्ने ।

२) केन्द्रिय कार्य समिति :-

क) कार्यालय संचालन गर्ने ।

ख) साधारण सभा आयोजना गर्ने ।

ग) साधारण सभाबाट पारित प्रताव र निर्णयहरु कार्यन्वयन गर्ने ।

घ) वार्षिक कार्यक्रम बनाउने ।

ङ) समाजको उदेश्य प्राप्तिमा कार्यरत रहने र प्रचार प्रसार गर्ने ।

च) देवास राईको संस्कार र संस्कृति पालना र संरक्षण गर्ने ।

छ) समितिका कुनै पनि पदाधिकारी लगातार ३ पटक बैठकमा अनुपस्थित भएमा स्वत : पदबाट हटाउने, राजिनामा स्वीकृत गर्ने र रिक्त स्थान परिपूर्ति गर्ने ।

## परिच्छेद :- ५

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :-

**दफा - १३) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :-**

तीनै ओटा कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

१) अध्यक्ष :-

क) बैठकको अध्यक्षता ग्रहण गर्ने ।

ख) कार्य समितिको नियन्त्रण, निरीक्षण गर्ने र परामर्श दिने ।

ग) कार्य समितिको बैठकमा निर्णायक मत दिने ।

घ) कार्य समितिलाई क्रियाशील बनाउदै निर्णय भएका प्रस्तावहरु कार्यान्वयन गर्ने र गराउने ।

ङ) देवास राईको उदेश्य प्राप्तिको लागि सम्पूर्ण कामको प्रमुख दायित्व बहन गर्ने ।

च) आफ्नो कार्यालयमा १ वर्षभन्दा बढी भर कतै टाढा जानु परेमा फर्कीनवाउन्जेल सम्मको लागि उपाध्यक्ष वा निज नभए कुनै अन्य पदाधिकारीहरुलाई कार्य वाहकको रुपमा आफ्नो पद सुम्पिनु पर्ने ।

छ) राजिनामा स्वीकृति गर्ने ।

ज) संस्थाको प्रमुख हैसियतले गर्नु पर्ने अन्य कार्य गर्ने ।

२) उपाध्यक्ष :-

क) अध्यक्षलाई सहयोग पुर्याउने ।

ख) अध्यक्षाको अनुपस्थितिमा निजको काम, कर्तव्य र अधिकार गरी कार्य संचालन गर्ने ।

३) महा-सचिव :-

क) कार्य समितिको कार्यालय दैनिक प्रशासन रेखदेख नियन्त्रण गरिने पत्र व्यवहार गर्ने ।

ख) वार्षिक कार्यक्रम बनाउने, कार्यान्वन गर्ने गराउने ।

ग) प्रगति विवरण पेश गर्ने ।

घ) अध्यक्षको निर्देशना अनुसार बैठक बोलाउने ।

ङ) बैठकमा छलफल गरिने विषय वस्तु (एजेन्डा) तयार गर्ने ।

४) सचिव/ उप-सचिव :-

क) मह-सचिवलाई सहयोग पुर्याउने ।

ख) मह-सचिवको अनुपस्थिमिमा निजको काम, कर्तव्य र अधिकार प्रयोग गरी कार्य संचालन गर्ने ।

५) कोषाध्यक्ष :-

क) संस्थाको आम्दानी र खर्च विवरण राख्ने ।

ख) आर्थिक कोष निर्माण गर्ने अध्यक्षको निर्णय अनुसार कार्य गर्ने ।

ग) बैठकमा आर्थिक प्रतिवेदन पेश गर्ने ।

घ) लेखा परिक्षण गराउने र वार्षिक अनुमानित बजेट पेश गर्ने ।

६) सदस्यहरु :-

कार्य समितिका बैठकहरुमा उपस्थित भई छलफल गर्ने, राय प्रस्तुत गर्ने, जिम्मा दिएका कामहरु पुरा गर्ने ।

**दफा - १४) गणपुरक संख्या :-**

कुल सदस्य संख्याको ६०% को प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुनेछैन ।

तर विधानको दफा ९ को उपदफा ४ मा उल्लेख भए मबोजिम पुन: बोलिएको साधारण सभामा कुल साधारण सदस्यको ५१५ को उपस्थितिलाई गणपुरक पुगेको संख्या मानिनेछ । सो संख्या पनि नपुग भएमा पुन: सभा बोलाउन परेमा कुल साधारण सदस्यको २५% प्रतिनिधित्व हुनेगरी उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद :- ६

## आर्थिक व्यवस्थापन

**दफा :- १५) आर्थिक स्रोत :-**

किरात देवास राई उत्थान समाजको आर्थिक स्रोत निम्नानुसार हुनेछ :-

क) सदस्यता शुल्क

ख) श्री ५ को सरकारबाट अनुदान सहयोग

ग) दातृ संस्ताबात (विदेशी संघ संस्थाबाट अनुदान लिने भए अर्थ मन्त्रालयको स्वीकृति लिइनेछ ।)

घ) कसैले स्वइच्छाले दिएको अनुदान

ङ) अन्य विविधबाट

**दफा :- १६) कोषको रकम खर्च गर्ने तरिका :-**

किदेराउसले समाजको नाम राखी खाता खोलि आर्थिक कारोबार गर्नेछ ।

क) जसमा सदस्यता शुल्क, अनुदान, दान वा विभिन्न स्रोतबाट प्राप्त रकम हुनेछ ।

ख) कोषको रकम संचालन गर्न यस किदेराउसको अध्यक्ष, कोषाध्यक्ष, महा-सचिव समेत कम्तिमा २ जनाको हस्ताक्षरबाट मात्र खाता संचालन हुनेछ । कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ ।

कोषको रकम खर्च गर्दा तोकिए बमोजिम हुनेछ । खर्च भएको रकम आर्थिक प्रतिवेदन साधारण साधारण सभामा पेशा गरिनेछ ।

साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गरिनेछ ।

दफा :- १७) लेखा परिक्षण : -

किदेराउसको प्रत्यक कार्य समितिले प्रत्येक वर्ष आय/व्यको लेखा परिक्षण गराउनु पर्नेछ ।

संस्थाको लेखा परिक्षण श्री ५ को सरकारद्वारा मान्यता प्राप्त लेखा परीक्षकद्वारा लेखापरिक्षण गराउनु पर्नेछ ।

लेखापरीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ ।

तर वार्षिक साधारण सभा नभए सम्म संस्थाको लेखापरीक्षण कार्य कसरी समितिबाट हुनेछ ।

## परिच्छेद - ७

## निर्वाचन र विधि

**दफा :- १८) निर्वाचन : -**

क) केन्द्रिय कार्य समितिहरुको सम्बन्धित प्रतिनिधिको अध्यक्षतामा बढीमा ३ सदस्यीय एक निर्वाचन मण्डल गठन गरिनेछ । उक्त निर्वाचन मण्डलले विधानको अधिनमा रही निर्वाचन सम्बन्धि सम्पूर्ण कार्य गर्नेछ । र यसको निर्णयनै अन्तिम रहनेछ ।

ख) निर्वाचन मण्डलका अध्यक्ष र सदस्यहरुले मतदान गर्न र उम्मेदवार हुन् पौने छैन ।

ग) निर्वाचन मण्डलको कार्य सम्पन्न भएपछी स्वत : विघटन हुनेछ ।

घ) सबै तहको निर्वाचन गोप्य मतदानबाट हुनेछ ।

ङ) यदि तल्लो करी समितिका पदाधिकारी वा सदस्यहरु माथिल्लो समितिमा निर्वाचित भई गएमा तल्लो समितिको पद स्वत: खारेज हुनेछ । र रिक्त पदमा सम्बन्धित समितिले मनोनयन गर्नेछ ।

च) निर्वाचन सम्बन्धि कार्यविधि निर्वाचन समिति आफैले निर्माण गर्नेछ ।

**दफा :- १९) उम्मेदवारको योग्यता :-**

देहाय बमोजिमका प्रतिनिधिहरु किदेराउसको उम्मेदवार हुन् योग्य हुने छैन :-

क) निवाचन मण्डल अध्यक्ष र सदस्यहरु

ख) दफा ९ बमोजिमका व्यक्तिहरु

- १६ वर्ष नपुगेका व्यक्ति ।
- मानसिक सन्तुलन बिग्रेको व्यक्ति ।
- किदेराउसको परम्परा, संस्कृतिमा घृणा, द्वेष फैलाउने व्यक्ति ।
- विधान स्वीकार नगर्ने व्यक्ति ।
- फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।

**दफा :- २०) अविश्वासको प्रस्ताव :-**

संस्थाको विधान विरुद्ध जुनसुकै कार्य समितिका पदाधिकारी र सदस्यहरुले संस्थाको नीति एवम् उदेश्य विपरित कार्य गरेको अभियोगको प्रस्ताव ल्याउनु परेमा सम्बन्धित कार्य समितिको कुल सदस्य संख्याको १/३ (एक तिहाई) सदस्यहरुले दरखास्त गरी अभियोग लगाइएको व्यक्तिको विरुद्धमा सम्बन्धित कार्य समितिका अध्यक्ष समक्ष अविश्वासको प्रस्ताव प्रस्तुत गर्न सकिनेछ ।

र सो प्रस्ताव उपर अध्यक्षले २ महिमना भित्र सम्बन्धित सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाइ) सदस्यहरुको बहुमतले निलम्बन गरिनेछ ।

अद्यक्षको विरुद्धमा अविश्वासको प्रस्ताव ल्याउनु परेमा सम्बन्धित कार्य समितिको उपाध्यक्ष समक्ष अविशेवासको प्रस्ताव प्रस्तुत गर्न सकिनेछ ।

**दफा :- २१) सदस्यताको समाप्ति :-**

देहाय बमोजिमका पदाधिकारीहरुको सदस्यता समाप्ति हुनेछ :-

क) मृत्यु भएमा ।

ख) मानसिक सन्तुलन विग्रेमा ।

ग) साधारण सदस्यता साधारण सदस्यता नविकरण नगरेमा ।

घ) राजिनामा स्वीकृत भएमा ।

ङ) समितिले तोके बमोजिम रकम नबुझेमा ।

च) समितिको विधान विरुद्ध कार्य गरेमा वा अविश्वासको प्रस्ताव पारित भएमा ।

छ) किदेराउसको रकम हिनामिना गरेमा ।

ज) मनासिव माफिकको कारण विना कार्य समितिको बैठकमा लगातार ३ (तीन)पटक अनुपस्थित रहेमा ।

**दफा :- २२) राजिनामा / पद त्याग गर्न सक्ने :-**

सबै तहका पदाधिकारी र सदस्यहरुले सम्बन्धित समितिका अध्यक्ष समक्ष राजिनामा दिनु पर्नेछ र अध्यखाले उक्त राजिनामा स्वीकृत गरेपछि बैठकमा अनुमोदन गराउनु पर्नेछ । तर अध्यक्षको राजीनामाको हकमा उपाध्यक्ष समक्ष राजिनामा पेश भई सम्बन्धित समितिको बैठकबाट मात्र राजिनामा स्वीकृत गर्ने अधिकार हुनेछ ।

**दफा : - २३) विधान संशोधन : -**

कुल सदस्य संख्याको २/३ (दुई तिहाइ) सदस्यहरुले अनुमोदन गरे पश्चात विधान संशोधन गर्न सकिन्छ । संसोधन विधान स्थानीय अधिकारीबाट स्वीकृत भएपछी मात्र संशोधित विधान लागु हुनेछ ।

**दफा :- २४) नियम, विनियम तथा समिति बनाउने :-**

संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक अनुसार नियम बने लागु गर्न सकिनेछ । सो सो जानकरी स्थानीय अधिकारीलाई दिनु पर्नेछ । साथै यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनको लागि केन्द्रिय कार्य समितिको मातहतमा देहाय बमोजिमका समितिअरु गठन गर्न सक्नेछ । तर यी समितिहरुको गठन साधारण सभाको बैठक द्वारा अनुमोदन गराउनु पर्नेछ । जस्तै :-

क) आर्थिक समिति

ख) संगठन तथा जनसम्पर्क समिति

ग) प्रचार प्रसार तथा प्रकाशन समिति

घ) महिला समिति

ङ) युवा तथा विद्यार्थी समिति
च) खेलकुद समिति
छ) भाषा, कला, शिक्षा तथा संस्कृति समिति
ज) औद्योगिक तथा व्यावसायी समिति
झ) विदेश सम्पर्क समिति

केन्द्रिय कार्य समितिले उपर्युक्त बाहेक आवश्यक अनुसार अन्य समिति तथा उप-समितिहरु गठन गर्न सक्नेछ । तर आ-आफ्नो समिति अन्तर्गत भएका कर्यहरुको प्रगति विवरण नियमित रुपमा केन्द्रिय समितिमा बुझाउनु पर्नेछ ।

**दफा - २५) सल्लाहकार :-**

स्थानीय र केन्द्रिय कार्य समितिले आवश्यक मानेमा किदेराउसको विकास र उत्थानमा विशेष योगदान दिन सक्ने व्यक्तित्वलाई सल्लाहकारमा राख्न सकिन्छ ।

**दफा - २६) तदर्थ समिति :-**

यो संस्था स्थापना गरी गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागि समिति गठन गर्नु पर्नेछ । प्रथम साधारण सभा सम्पूर्ण प्रतिनिधित्व हुने गरी तदर्थ समितिले आयोजना गर्नेछ । यो सभा आयोजना गरी आफ्नो कार्य प्रगति र आर्थिक प्रतिवेदन पेश गर्नुका साथै विभिन्न किसिमका समसामयिक प्रस्तावहरु पारित गरी कार्यान्वन गर्नेछ ।

**दफा - २७) संस्थाको खारेज :-**

साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामको लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र लेखापरिक्षक नियुक्ति गर्नेछ । जसले संस्था खारेजीको कामकारवाही गर्नेछ । जसको पारश्रमिक साधारण सभाले तोके बमोजिम हुनेछ ।

समितिको विधान अनुसार कार्य संचालन गर्न नसकी वा अन्य कारणवस समिति विघटन भएमा समितिको छल-अचल सबै जायेजेथा श्री ५ को सरकारको हुनेछ ।

**दफा -२८) कानुनि प्रावधान :-**

क) समितिको उदेश्य प्राप्तिको लागि कुनै कार्य गर्दा पदाधिकारी वा कुनै सदस्यलाई कुनै मुद्दा मामिला जस्ता कानुनी अड्चन आएको खण्डमा समिति द्वारा वहन गर्नेछ ।
ख) यस्स्मैतिले कुनै व्यक्ति, सरकारी वा गैर सरकारी संघ/संस्थाले कानुनी कार्यवाही गर्न सक्नेछ ।

**दफा - २९) संस्थाको हैसियत :-**

यो संस्था किदेराउसको उत्थानको लागि विशुद्ध सामाजिक सेवा भावले स्थापना भएको अविछिन्न उत्तराधिकारवाला, संगठित, सशासित, गैर राजनैतिक संस्था हो ।

**दफा -३०) ऐन अनुसार हुने :-**

विधानमा उल्लेखित कुराहरु प्रचलित संस्था दर्ता ऐन, नियम र कानुन संग बाझिन गएमा बाझिएको हद सम्म स्वत : निस्क्रिय र अमान्य हुनेछ ।

**दफा - ३१) कर्मचारीको व्यवस्थापन :-**

संस्थाको दैकिक कार्य संचालन र योजना र कार्यक्रम संचालनको लागि कर्मचारीको दरबन्दी सिर्जना, पारश्रमिक, भत्ता तथा अन्य सेवा सुविधा र कर्मचारीहरुको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यक्रममा विदेशी स्वयम् सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुर्याउने सेवा त्यसको औचित्य, सुविधा र निजको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत पठाईनेछ ।

**दफा - ३२) व्याख्या :-**

यस विधानको व्याख्या गर्ने अधिकार केन्द्रिय कार्य समितिमा मात्रै रहनेछ ।

**दफा - ३३) पालना गर्नु पर्ने :-**

यस संस्थाको कुनै पनि पदाधिकारी वा सदस्यहरुले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन, साथै संस्थाका पदाधिकारीहरुले सभा वा बैठकमा असभ्य वा अश्लिल शब्द प्रयोग गर्नु हुदैन ।

**दफा - ३४) न्र्देशंको पालना :-**

श्री ५ को सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्न संस्थाको प्रमुख कर्तव्य हुनेछ ।

**दफा - ३५ )** हामी किरात देवास राई उत्थान समाज नेपालका निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भै निम्न साक्षीको रोहबरमा विधानमा सहिछाप गर्दछौ ।

| संस्थापक सदस्यहरु | | | साक्षी सदस्यहरु | | |
|---|---|---|---|---|---|
| क्र.सं. | नाम | ठेगाना | क्र.सं. | नाम | ठेगाना |
| १ | आशामान राई | राईगाउँ -२, मकवानपुर | १ | जगत राई | राईगाउँ -३, मकवानपुर |
| २ | इन्द्रबहादुर राई | पिपलमाडी-१,सिन्धुली | २ | बाबुराम राई | पिपलमाडी-१,सिन्धुली |
| ३ | गाइने राई | पिपलमाडी-१,सिन्धुली | ३ | रबिन्द्र राई | पिपलमाडी-७,सिन्धुली |
| ४ | राजमान राई | राईगाउँ -२, मकवानपुर | ४ | भगत राई | राईगाउँ -२, मकवानपुर |
| ५ | सन्तलाल राई | पौराई -७, रौतहट | ५ | शंकर राई | राईगाउँ -५, मकवानपुर |
| ६ | सुवानी राई | राईगाउँ -१,मकवानपुर | ६ | विष्णुबहादुर राई | पिपलमाडी-७,सिन्धुली |
| ७ | भजन राई | पिपलमाडी-१,सिन्धुली | ७ | बालकुमार राई | पिपलमाडी-२,सिन्धुली |
| ८ | गुनबहादुर राई | पिपलमाडी-७,सिन्धुली | ८ | प्रदिप राई | राईगाउँ -२, मकवानपुर |
| ९ | फौदार राई | पिपलमाडी-७,सिन्धुली | ९ | फुलमाया राई | पिपलमाडी-७,सिन्धुली |
| १० | ज्ञानबहादुर राई | पिपलमाडी-१,सिन्धुली | १० | धनेश्वर राई | पिपलमाडी-१,सिन्धुली |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | छत्रबहादुर राई | राईगाउँ -३,मकवानपुर | ११ | उपेन्द्र राई | राईगाउँ -३, मकवानपुर |

<u>अनुसुचिहरु :-</u>

अनुसूची -१) चिन्ह :-

किदेराउस नेपालको प्रतिक चिन्हकामा एउटा बलेको ठडेउरो बत्तिको बन्यामा धुपौरो बत्ति र दाँया तरवार राखेको हुनेछ ।

अनुसूची -२) झण्डा

..........................................................................................................................

अनुसूची -३) शपथ ग्रहणको नमुना निम्न अनुसारको रहने छ :-

मा किरात देवास राई उत्थान समाज नेपालले तोकिएको काम मेरो तन,मन, वचन र विवेकले बुझेसम्म यस संस्था प्रति वफादार रही यस विधानको अधिनमा रहेर आफ्नो कर्तव्यको पालना गर्नेछु  भनि शपथ लिन्छु ।

...............................

शपथ लिने व्यक्तिको नाम र हस्ताक्षर :-                                        मिति :-

<u>संस्थाको नाम र ठेगाना :-</u>

किरात देवास राई उत्थान समाज, नेपाल

केन्द्रिय कार्य समिति

पो.ब.नं. ८९७८, सी.पी.सी. ५९

अनामनगर, काठमाडौं, नेपाल